# खोजेको विकास र विकास पछि पर्नुका कारण



डा. नम्रता पाण्डे

आखिर सबैले खोजेको कुरा त देशको प्रगति र स्थायित्व नै त हो । भनिन्छ, त्यसकै लागि निर्वाचन हुन्छ र निर्वाचनद्वारा चुनिएको नेतृत्व मार्फत नै विकास सम्भव हुन्छ । पाँच वर्षअघि अर्थात् २०७४ सालको तीन तहको चुनाव, सोको नतिजा, नेतृत्व र त्यसपछिका दिनहरूमा विकासले लिनुपर्ने फड्को कति, कसरी र कुन आधारमा भयो वा भएन, मूल्याङ्कन गर्ने र भोग्ने जनता भएकै कारण २०७९ को मुखमै परेको स्थानीय निर्वाचनमार्फत् उनीहरूले आफ्नो अभिव्यक्ति दिए । त्यसमा पनि विशेषगरी राजधानी अर्थात् देशको मुटुमा रहेको काठमाडौँको मेयर पदको नतिजाले स्वतन्त्र उम्मेद्वारप्रति नागरिकको आशा प्रतिबिम्बित भएको प्रष्टै देखियो । काठमाडौँमा मात्र नभएर अन्य केही नगरपालिकाहरूमा पनि स्वतन्त्र उम्मेद्वारहरूले राम्रो सम्मान र मत पाए । यसको अर्थ उही हो, पुराना राजनीतिक दल र सम्पूर्ण राजनीतिमा विकास एवम् नेतृत्वको नाममा हुने गरेको परिवारवाद, नातावाद र कृपावादलाई प्रश्रय दिने प्रवृत्तिप्रति आममतदातामा बढेको निराशाको प्रतिफल ।

> 'यो निर्वाचनको परिणाम पुराना राजनीतिक दलका लागि एउटा सबक हो भने स्वतन्त्र उम्मेद्वारका लागि चुनौती पनि ।'

अर्कोतिर, उदाहरणकै रूपमा लिंदा काठमाडौँ महानगरपालिकाका स्वतन्त्र उम्मेद्वार बालेन शाहप्रति सबै वर्ग र उमेर समूहका मतदाताको आकर्षण, समर्थन र उनीप्रतिको आशा, अपेक्षा र भरोसाले नेपाली राजनीतिमा नेतृत्व परिवर्तनको तीव्र चाहना र विकासका लागि स्पष्ट भिजनको आवश्यकता छ भन्ने तथ्यलाई पुष्टि गरेको छ । विगतका प्रक्रियादेखि दिक्क भएर विकास र ठोस उपलब्धिका लागि युवा वर्ग अर्थात् हाम्रो पुस्ताले परिवर्तन चाहेको छ । त्यो परिवर्तनको सुरुआत राजनीतिबाटै हुनुपर्ने हो भने राजनीतिमा पनि युवा नेतृत्व जरूरी छ भन्दै देशैभरि युवा उम्मेद्वारप्रति बढेको आकर्षणले यसलाई प्रष्ट पारिदिएको छ। विगतमा राजनीतिक दलहरूले युवा उम्मेद्वार चयन गर्नमा देखाएको कन्जुस्याइँले युवा मतदातामा निराशा पनि छाएको रहेछ भन्ने कुरा यसपटकको चुनाववाट महसुस गर्न सकिन्छ । सक्रिय र क्षमतावान युवाले नै परिवर्तनको आकाङ्क्षालाई छिटो साकार रूप दिन सक्छन् भन्ने विश्वास र राजनीतिमा युवालाई नै अग्रसर गराउनु पर्छ भन्ने जनस्तरको मान्यताले युवा जनप्रतिनिधिको

माग गरेको हुनसक्छ । त्यसैले पनि भन्न सकिन्छ, विगतमा युवा र नागरिकको माग सम्बोधन नहुँदा र राजनीतिक दलका नेता एवम् नेताका आफन्त तथा आसेपासेलाई नै उम्मेद्वार चयन गरेर राजनीतिमा परिवारवाद, नातावाद र कृपावादलाई प्रश्रय दिइएका कारण राजनीतिक दलहरूप्रतिको परम्परागत अभ्यासलाई अब नागरिक समुदायले बहिष्कार गर्न चाहेका छन् । यो निर्वाचनको परिणाम पुराना राजनीतिक दलका लागि एउटा सबक हो भने स्वतन्त्र उम्मेद्वारका लागि चुनौती पनि । त्यसो हो भने, अबका निर्वाचित जनप्रतिनिधिले विकासलाई कसरी अघि बढाउन सक्छन् त ?

काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहले हालै शुरुवात गरेको अवैधानिक एवम् नक्साभन्दा बाहिर मिचेर बनाइएका संरचना हटाउने क्रममा आफ्नै सक्रियता र उपस्थितिमा नागरिकस्तरबाट जुन सह्राहनीय काम गरेका छन् त्यसको चौतर्फी प्रशंसा भएपनि उनलाई विरोध गर्न पछि पर्नेहरूको पनि कमी भने छैन किनभने दशकौंदेखि राजनीतिक शक्तिको आडमा राज्यको सम्पत्ति हडपेर सीमित व्यक्ति सम्पन्न हुने र लाभ लिने गरेको संस्कारले गर्दा मेयर बालेनले गरेका क्रियाकलापप्रति विरोध जनाउनु पनि सामान्य नै ठानेका होलान् राजनीतिक स्तरबाट । तर, नागरिक स्तरबाट र राज्यको सम्पत्ति र जनाधिकारको हिसाबले हेर्ने हो भने दशकौंदेखि राजनीतिक शक्तिको आडमा गर्दै आएको अति शासनमा डोजर लगाउनै पर्ने देखिन्छ । विगतका भ्रष्टाचारका अभ्यासलाई हेर्ने हो भने पनि कहालीलाग्दो अवस्था र अन्यायको पराकाष्ठा नेपाल भूमि र नागरिकले व्योहेर्दै आएका छन् । अब केही आशाको किरण बल्न लाग्दा अझै शक्ति परिचालन गरेर त्यस्ता काम गर्नेहरूलाई हिनताबोध गराउने र काममा बाधा पुऱ्याउने प्रयास हुन थालेको महसुस गर्न सकिन्छ । तर, सबैभन्दा ठूलो शक्ति नागरिक शक्ति हो र अब अन्याय विरुद्ध लड्ने साहस नागरिक स्तरमा आएको पनि अनुभूति गर्न सकिन्छ । जबसम्म नागरिकको सहयोग रहन्छ र नागरिकहरू सडकमा उत्रिन सक्छन् तब अन्याय गर्नेहरू पाखा लाग्नेछन् । राजनीतिक बेथिति र वितृष्णा अब सहन नसक्नेगरी देखा परेकाले आफ्नै न्यायका लागि नागरिकहरूले सकारात्मक काम गर्न खोज्नेहरूलाई साथ दिन थालेका हुन् ।

> 'हामी विदेश घुम्ने मात्र कि त्यहाँको विकासका मोडेलहरूलाई पनि अनुकरण गर्ने ? यो जन-प्रश्न स्वाभाविक हो ।'

## योजनाबद्ध विकासको अवधारणाअनुरूप कार्यान्वयन

जुन कुरा योजनाअनुसार हुन्छ त्यही नै विकासको परिणाम हो । 'विकासमा क्रान्ति ल्याउँछौं' भन्नुको अर्थ हो, जबर्जस्ती जुनसुकै उपाय गरेर भएपनि चाहेअनुसारको परिणाम हात पार्छौं । आज नेपालमा सोचेजति विकास नहुनु, सोचेजति मानवीयता र इमानदारिता कायम नहुनु अनि विगतका सरकारबाट अपेक्षित विश्वास पूरा नभएको ठान्नुको कारणले नै हो, विकासमा नेपाल अझै पछि परेको छ । त्यसो त, विगतलाई हेर्दा हरेक क्षेत्रमा विकास भएको छ तर त्यसलाई जनता स्वीकार गर्न तयार छैनन् किनकी जनताको अपेक्षा अझै बाँकी छ । अब बन्ने नयाँ संरचना र जनप्रतिनिधिले तीव्र गतिमा, नयाँ आयाममा विकासका मोडेलहरूलाई अगाडि सार्नु पर्दछ । अब जनतामाथि शासन गर्ने अभ्यास त्यागेर जनताको सेवामा समर्पित हुने अभ्यास सुरु गर्नुछ । बजेट भाषणमा जसरी बजेट विनियोजन गरिएको छ, त्यसलाई प्रयोग गरेर विकासको प्रतिफल नागरिकलाई महसुस गराउनु पर्नेछ । बजेट वक्तव्य पढ्ने र दुई-चारवटा काम सुरु गरेर बीचमै छोड्ने प्रवृतिलाई अब बोलीअनुसार कार्यान्वयनमा ल्याउनु छ । स्थानीय तहले प्रदेश र केन्द्रलाई दबाब दिएर हुन्छ या कसरी हुन्छ, काम देखिनु पर्नेछ । त्यसका लागि प्रशासनिक कार्यविधिमा सुधार जरूरी छ । नागरिकलाई कुनै समस्या नहुनेगरी, छिटो-छरितो प्रशासनिक सुविधा दिने घोषणा-पत्रअनुसारको कामको प्रतिफल आउनु पर्नेछ । झञ्झटिलो र लामो प्रशासनिक प्रक्रियालाई सहज र सरलीकृत बनाउनेतिर जोड दिनुपर्नेछ । डिजिटाइलेजसन र आइटीको माध्यमबाट सेवा प्रवाहमा सुधार गर्नु पर्नेछ । सूचना प्रवाह चुस्त र दुरुस्त अनि पारदर्शी कसरी हुन्छ, त्यसमा ध्यान दिनुपर्नेछ । अबको समय यसकै हो र यो नै व्यवस्थापनको सुरूआती पक्ष हो ।

भौतिक तथा सामाजिक पूर्वाधारको व्यवस्थापनमा सुधार नगरी अरू ठूला कुरा हासिल हुँदैनन् । गाउँ, नगरभित्रका पूर्वाधार, खानेपानी, सडक, पार्क, हरियाली, मठ-मन्दिर, पुरातात्विक क्षेत्रका धरोहर, पुस्तकालय, शिक्षा, स्वास्थ्यलगायतका कुराहरूमा अहिले जे अभ्यास भइरहेको छ, त्योभन्दा फरक सोच्नुपर्छ । सबै तहबाट समन्वय गरेर, गृहकार्य गरेर, विज्ञहरूको सुझाव लिएर सुधारको मार्गमा लाग्नुपर्दछ । बनिसकेका पूर्वाधारको सुधार गर्दै ती संरचनालाई व्यवस्थित तरिकाले सुविधायुक्त उपभोगमा आउनेगरी व्यवस्थापन गरिनु

पर्दछ । वातावरणीय सुरक्षा, गाउँ-नगरको सौन्दर्यीकरण लगायतका विषयलाई प्राथमिकतामा राखिनु पर्दछ ।

यी कुराहरूलाई ध्यान दिएर योजनाबद्ध अवधारणाका साथ विकासलाई अगाडि बढाउनु स्थानीय सरकारको नेतृत्वप्रति रहेको अहिलेको जनमनको अपेक्षा हो ।

## कौशल र दूरदर्शिता

आज विश्वमा विकसित कहलिएका जापान, सिङ्गापुर, चीन लगायतका राष्ट्रहरूले पनि २०-३० वर्षको अन्तरालमै राष्ट्रको विकासमा कायापलट गरेका थिए । हामी विदेश घुम्ने मात्र कि त्यहाँको विकासका मोडेलहरूलाई पनि अनुकरण गर्ने ? यो जन-प्रश्न स्वाभाविक हो । भित्री संकल्प र निस्वार्थ भावबाट राष्ट्रको विकासमा ध्यान नदिने हो भने जनताले चाहेको अपेक्षा शासन व्यवस्थाले मात्र पूर्ति हुँदो रहेनछ । यसका लागि त नेतृत्व वर्गको कौशल र दूरदर्शिता आवश्यक रहेछ भन्ने तथ्य अहिले जनमानसले मनन गरेका छन् । विकास गर्न सकिने उपायहरू थाहा पाउँदा-पाउँदै पनि अपेक्षित विकास भएन, यो त समस्या उपकाउने कारण मात्र बन्यो । यसको समाधानकै लागि विकास किन अपेक्षित ढङ्गले भएन भनेर कारण खोज्ने समय आएको छ ।

> 'व्यक्तिगत आर्थिक विकासभन्दा आत्मिक विकास भएको भए पो स्वार्थपूर्ण मनस्थिति हावी हुने थिएन कि ?'

हिजो सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने भनेर चिनिने हाम्रो नेतृत्व वर्गलाई समेत आज उनीहरूको हैसियत हेर्दा लाग्छ - विकास नभएको होइन तर नेतृत्व वर्गको व्यक्तिगत विकास मात्र भएको छ । हिजो समानता र राष्ट्रहितमा भाषण दिई जनमत प्राप्त गरेर नेतृत्व तहमा पुगिसकेपछि राष्ट्रको विकासमा बढी ध्यान गएको छ कि आफ्नै स्वार्थमा ? यो जति लुकाए पनि र तर्कका पुलिन्दाले भ्रम छर्न खोजेपनि सबैले देखेको, भोगेको र महसुस गरेको पक्ष हो । अहिले धनी र गरिब अर्थात् हुने र नहुनेका बीचको खाडल नजानिँदो तरिकाले बढ्न थालेको छ । सार्वजनिक सम्पत्तिको संरक्षणमा होस् या कार्यपालिका, न्यायपालिका, सञ्चार-क्षेत्र सर्वत्रैतिर आफ्नो स्वार्थ कसरी पूरा हुन्छ, त्यसैअनुरूप कार्यहरू हुने र आफ्नो अनुकूल निर्णय हुने गरेका छन् ।

यसबाट थाहा लाग्दछ कि व्यक्तिगत आर्थिक विकासभन्दा आत्मिक विकास भएको भए पो स्वार्थपूर्ण मनस्थिति हावी हुने थिएन कि ? लोभ-लालच र व्यक्तिगत महत्वाकाङ्क्षामात्र जीवन जिउने तरिका होइन । 'म नै सबैभन्दा अगाडि पुगूँ र अरूलाई उछिन्न सकूँ' भन्ने स्वार्थपूर्ण स्वभावले बाहिर देख्दा सम्पन्न देखिए पनि आन्तरिक रूपमा सन्तोषपूर्ण जीवन बाँच्न सकिँदैन । जीवनका विधायक पक्ष के हुन् र म मेरो कर्तव्य निर्वाहमा कसरी उत्तीर्ण हुन्छु भन्ने बोध आउन सकेको भए जनता पछि पर्ने थिएनन् । तिनै जनताको मत पाएका नेतृत्व वर्ग व्यक्तिगत रूपमा सम्पन्न हुने यथार्थतालाई जनताले कतिसम्म र कहिलेसम्म सहन् गर्न सक्छन्, त्यो सोचनीय पक्ष छ ।

व्यक्तिगत रूपमा सम्पन्न हुँदै गएपछि पनि हाम्रो आर्थिक, सामाजिक र राजनीतिक धरातल कस्तो थियो र कता जाँदैछौँ भन्ने थाहा पाउनु जरुरी छ । चेतनाको स्तरबाट म कुन स्तरमा छु र राष्ट्रको विकासको चरण कुन स्तरमा छ, विकासका अवरोधमूलक तत्व, अभ्यास र प्रणाली के के हुन् ? नेतृत्व वर्गले मनन गर्नुपर्ने समय आएको छ । आफ्नो असाधारणता पहिचान गर्न नसक्नु राष्ट्र पछि पर्नुको कारण हो । जसले नेतृत्वको जिम्मा पाएको छ, उसले आफ्नो असाधारणतालाई चिन्न नसक्नु र अरू जसरी चलेका छन् त्यसरी नै चल्नुले राष्ट्रमा सकारात्मक परिवर्तन आउन सक्दैन । सत्तामा पुगेपछि अरूले कमाए, मैले किन नकमाउनु ? सबै त व्यक्तिगत सम्पन्नता र आफ्नै स्वार्थमा लागेका छन्, म मात्र किन इमानदार बनूँ ? यस्तो प्रवृत्ति जनअपेक्षित होइन । प्रत्येक व्यक्तिलाई अस्तित्वले असाधारण खुबी दिएको छ । कोही कसैसँग तुलना गरेर यो नै हुनुपर्छ र यति नै हुनुपर्छ भन्ने छैन तर किन व्यक्तिले आफ्नो असाधारणता र स्वभावलाई जनहितमा र राष्ट्रको विकासमा लगाउन सकेको छैन ? दुई-चारजना व्यक्तिले मात्र किन नहोस्, आफ्नो क्षमतालाई खुलेर प्रस्तुत गर्ने खुबी राख्ने हो भने राष्ट्रमा छोटो समयमै कायापलट आउनेछ । नेतृत्व तहमा जो आउँछ, ऊ आफैँमात्र सम्पन्न भएर आफ्नो कार्यकाल समाप्त गर्ने प्रवृत्ति विद्यमान छ । यही प्रवृत्ति र अभ्यासले निरन्तरता पाइरहनु नै राष्ट्र विकासमा पछि परिरहनुको कारण हो । नेतृत्व तहमा रहनेहरूमा 'म आफैँजस्तो बनूँ' भन्ने विवेकको अभावले नै राष्ट्र विकासमा ढिलाइ भइरहेछ । बुद्ध, जनक, सीता र अरू पनि विभिन्न आस्था, वीरता, कलाकौशल र कुशलताका महान हस्तीहरूको भूमि हो - नेपाल, जसका कारण आज पनि देशले नाम राखेको छ । त्यस्ता महान हस्तीहरूले कसैको नक्कल गरेनन् । बरु आफ्नै स्वभाव, कुशलता र स्व-धर्ममा जीवन बाँचे । यही स्वभावले जनतालाई समेत अहिंसा र कल्याणकारीपनमा

जिउने कला सिकाए । हामीले यस्ता सकारात्मक ऊर्जालाई आफ्नो जीवनमा किन नअपनाउने ? किन पश्चातापको जीवन बाँच्ने ? किन आफ्नो असाधारण प्रतिभालाई अरूको हितमा नलगाउने ? कुरा सोचनीय र मननीय छ ।

## सजगताको कमी

विकासका लागि योजना बनाउनु तर योजनाअनुरूप काम नहुनु विकासमा पछि पर्नुको कारण हो र यसको कारण सजगताको कमी हो । योजना त बन्यो तर कार्यान्वयन कहाँ पुगेको छ ? खोजी नहुनुको कारण हो - सजग नहुनु, होशपूर्ण नहुनु । राजनीतिक अभ्यास र संस्कारले मात्र पनि बहुजन हितायको भाव विकास नहुने रहेछ । केवल भन्नका लागि बुद्धको देश भनेर गर्व गर्नेले उनका मार्गनिर्देशन पालना गर्दै आफ्नो आचरणमा सुधार ल्याउन ढिला भैसकेको छ । बुद्धले शान्तिका साथै स्मृति, जागरूकता र स्मरणका सूत्रहरू पनि सिकाए जानुभयो तर हामीले यसलाई प्रयोगमा ल्याउने कोशिस नै गरेका छैनौं भन्दा अनुपयुक्त हुँदैन । जसमा विवेक छैन, याद छैन, होश छैन, उल्फन छ, ऊ नेतृत्व तहमा छ भने कसरी राष्ट्रको विकास होला ? विकासका लागि त सद्भावना, करुणा र संवेदना आवश्यक पर्दछ । सजगताबिना यी गुणहरूको विकास हुन सक्दैन । सकारात्मक भावदशालाई स्मरण बनाइराख्ने र भीड कता जाँदैछ होइन, म कता जाँदैछु, मेरो मार्ग सही छ कि छैन भन्ने बोधको विकास हुनसके मात्र त्यस्ता व्यक्तिको नेतृत्वले राष्ट्रमा विकास सम्भव हुन्छ ।

> 'विकास भनेको आर्थिक विकासको प्रसङ्ग र भौतिक सुखमात्र नभएर प्रेम, शान्ति र आत्मियता पनि हो ।'

## योजना, नीति र संरचनाको एकआपसमा समन्वय नभिल्नु

विकासका लागि योजना बन्छन् र पनि योजना, नीति, संरचना र वितरणमा एकआपसमा समन्वय भएको पाइन्न । सरकारीस्तरदेखि निजी क्षेत्रका लगानीकर्ताहरू र व्यवसायमा पुँजीगत लगानीको वास्तविक लेखाजोखा गरेर लगानी गर्ने गरिएको छ या छैन ? लगानी, वस्तु, सेवा, उत्पादन र आर्थिक विकासको मापदण्ड र दायरा कसरी फराकिलो बनाउने भन्नेजस्ता विषयलाई समेटन सकिएन भने विकास पछि पर्छ ।

अर्को तथ्य, विकास भनेको आर्थिक विकासको प्रसङ्ग र भौतिक सुखमात्र नभएर प्रेम, शान्ति र आत्मियता पनि हो । यी कुरा पनि मानिसका आवश्यकता हुन् भनेर बुझ्ने मनोविज्ञानको कमी पनि विकासमा पछि पर्नुको एउटा कारण हो । किनकी, जबसम्म व्यक्तिले आफूभित्रका समस्याहरूबाट मुक्ति पाउँदैन, तबसम्म आर्थिक सम्पन्नताले भित्रको समृद्धि प्राप्त हुँदैन । आफ्नो संस्कृति, प्रेम, आत्मियता र आफूभित्रको खोज नहुनु पनि विकासमा पछि पर्नुको कारण हो । हामी बाहिरको धूवाँधूलो र प्रदूषणले मात्र आक्रान्त छैनौं । आफ्नो मनभित्रको धूलो, विचारको प्रदूषण र सोचाइको गरिबी त्यति नै विकराल भएर बसेका छन् । भित्रको विकास नभइकन बाहिरको विकास, स्वास्थ्य र सफासुग्घर चाहिन्छ भन्ने हेक्का आउँदैन । आर्थिक असमानता र पहुँचको प्रभावले असमानता सृजना गरेको छ । कर्मप्रतिको लगनशीलता, कर्तव्यपराणयता, इमानदारिता र अनुशासनको अभाव नै पिछडिनुका कारणहरू हुन् । स्वभाव, प्रभाव र अभाव आफैंद्वारा सृजित कुरा हुन् । जीवनका सबै आयामलाई सन्तुलनमा राख्ने कला वास्तविक विकास हो । नेतृत्ववर्गले यसलाई आत्मसात नगर्दासम्म विकासको अनुभूति सम्भव छैन ।

## जनताकेन्द्रित विकासको खाँचो

विकासको महसुस त्यतिबेला गर्न सकिन्छ जब राज्य सञ्चालनमा व्यवस्थाको साटो व्यक्तित्वको प्रमुखता विस्थापित हुन थाल्दछ । अन्यथा, सबै मान्यता निर्वाचित जनप्रतिनिधिको नरहेर केवल कर्मकाण्डमा सीमित हुन पुग्छ । भर्खरै सम्पन्न स्थानीय निर्वाचनले पुष्टि गरेको छ, सत्तासीन गठबन्धनको किचलो, प्रमुख प्रतिपक्षद्वारा गठजोडको कसरत एवम् महात्वाकाङ्क्षी राजनीतिकर्मीको दलबदलका समाचारले जनतालाई केन्द्रमा राखे या स्व-स्वार्थलाई ? राजनीतिबाट समूहगत आस्था एवम् व्यक्तिगत सदाचार हराउँदै गएपछि मतदाताहरू सामु नैतिक द्विविधा उत्पन्न भएको महसुस भयो । प्रतिनिधित्व छनोटको आधार के ? दलहरू आफैंमा आस्थाच्युत भएको देखियो । उम्मेदवारको आचरण, मतदातालाई उत्तेजित तुल्याउने आवेगात्मक नाराहरू, सार्वजनिक भूमि र भवन बिक्री एवम् व्यापारिक फाइदाले निर्मितएको वित्तीय सङ्कट, नागरिकमा व्यापक असुरक्षा भाव उत्पन्न, यी सबै परिस्थितिको साक्षी हुनुपरेकोले पनि सहजै अनुमान गर्न सकिन्छ, जनता केन्द्रमा नहुनु नै आजको अवस्था सृजना हुनुको कारण हो । उही र उस्तै प्रकृतिका भाषण, उही र उस्तै चरित्रका व्यक्ति, उही र उस्तै परिपाटी ! नयाँ के हो ? नयाँ नेपाल, नयाँ सोच, नयाँ सरकार, नयाँ व्यवस्था कसरी आउँछ ? सधैं उही पुरातनवादी सोच र व्यवहारले ? कसले गर्ने जनकेन्द्रित विकास ?

महात्मा गान्धीको एउटा भनाइ छ- "विश्वका सबै धर्म, गुण र विकासमा केही न केही अन्तर छ तर एउटा कुरामा सबैको

सहमति छ कि - संसारमा केही चिज जीवित रहने छैन तर सत्य जीवित रहनेछ ।" उनको यो भनाइले अहिले नेपाल र नेपालीको परिस्थितिलाई सहजै प्रतिबिम्बित गरेको छ । के हो त, नेपालीका लागि सत्य ?, विगतमा नेतृत्व वर्गले के दिए ?, भविष्यमा के दिनेछन् ?, उनीहरूको सत्य के हो ?, हामीले विश्वास गर्ने के मा ?

वातावरण र पर्यावरण नै हेर्ने हो भने पनि स्वस्थ हावाको अभाव हुन थालिसक्यो । रूख-बिरुवा र जङ्गल मासेर कंक्रिट जङ्गलको विकास तीव्र हुँदैछ । शुद्ध हावा र अक्सिजनको अभाव हुने दिन धेरै टाढा छैन, अब । जनचेतनाको स्तर हेर्ने हो भने बिहान, साँझ अगरबत्ती बालेको वासना आउनुपर्ने समयमा चोक -चोक, गल्ली-गल्लीमा प्लाष्टिक बालेको दुर्गन्ध खेप्नुपर्ने अवस्था छ । सडक, सहरका योजना र नगर विकासको गति हेर्ने हो भने अब फेरि शक्तिशाली भूकम्प आयो भने मानिसहरू भागेर जाने कहाँ ? कतै खाली जग्गा छैन, खाल्डाखुल्डी पुरिन अझै धेरै समय लाग्ने देखिन्छ । धेरै छन्, सोच्नुपर्ने र विकास गर्नुपर्ने कुराहरू तर यहाँ चुनाव, चुनाव अनि चुनावमै बित्दैछ समय । सत्ता, सरकार, भागबण्डामै बित्दैछ जीवन । तीन दशकको छोटो अवधिमै धेरै इतिहास भोगेका नेपाली जनताहरूले निराशाको पराकाष्ठा पार गरिसक्दा पनि स्थिति अझै द्रूतगतिमा सुधारोन्मुख नहुँदा सत्य के हो भनेर बुझ्ने ? एक मात्र जीवित वस्तु सत्य हो भने - सत्य समयसँगै आउँछ तर समयले पर्खदैन । अनि, समय केमा बिताउने ? ख्याल गर्नुपर्ने छ कि छैन ?

> 'कमजोरी कसको कहाँ छ ?, कसले खोज्ने ?, वास्तविक दायित्व बोध कसको हो ?, जनता लाचार हुन् - सबै सहेर बस्ने ?'

इतिहास हामीबाट टाढा छैन १० वर्षे युद्ध केका लागि गरियो ? युद्धबाट नेपाल र नेपालीले के पाए र के गुमाए ? सहस्राब्दी विकास लक्ष्य, इनभिजनिङ नेपाल २०३०', 'लैङ्गिक समानताका लागि पाइला हाराहारी : सन् २०३० सम्म हिस्सा बराबरी', नयाँ लागू हुने त्रिवर्षीय योजना, राष्ट्रिय योजना आयोगले ल्याएका गरिबी निवारण, भोकमरी निवारण, आयगत असमानता तथा मातृ मृत्युदर घटाउनेजस्ता योजना र संघियताले के महत्व राख्दछ ? कि निरीह नेपाली सन्तानहरूलाई अलग राखेर पनि देशका मुद्दा र अर्थतन्त्र विकासका मुद्दा समेट्न सकिने हो ? विगतका चुनावमा धेरै आशा, अपेक्षा र सपना बाँडेका तर आफ्नो कार्यकालमा जनताका ती आशा, अपेक्षा र सपना पूरा गर्न नसकेका जनप्रतिनिधिहरू यसपटक प्रतीकात्मक रूपमा नै किन नहोस्, नराम्ररी पछि परेका छन् । यो स्थितिलाई हेरेर पनि नयाँ विजयी उम्मेदवारहरूले थप जिम्मेवारीबोध गर्नुपर्ने र गम्भीर बन्नुपर्ने समय आएको छ । यसो भएमा मात्र विजयी जनप्रतिनिधिहरू जनताको आशा, अपेक्षा र सपनाप्रति जिम्मेवार भएको महसुस हुनेछ ।

## समष्टिगत विकासप्रति ध्यान

अर्थतन्त्रको मेरुदण्ड मानिने नेपालको कृषि क्षेत्र र सबैतिर खाली एवम् बाँझो जग्गा रहेको ठाउँमा कृषि विकास रणनीति कसरी ल्याउने ? युवा समूह दैनिक विदेश पलायन हुँदैछ । गरिबी, खाद्यान्न अभाव र कुपोषणजस्ता समस्या समाधानविना पनि विकास सम्भव हुँदैन । विकासमा कृषि विकासलाई प्राथमिकतामा राखेको देखिँदैन । उत्पादन र उत्पादनशीलता घट्दैछ । प्रदूषणको कारण मानव स्वास्थ्यमा विकराल समस्या आउनेवाला छ । योजना, नीति, संरचना र वितरणमा एकआपसमा समन्वय नहुनाले नै विकासका योजनामा विरोधाभास आउने गरेको छ । विकास बजेटको १० प्रतिशत बजेट पनि विकासका काममा खर्च हुन नसकेको तथ्य प्रत्येक वर्ष महसुस गर्न सकिन्छ । चुनावी घोषणा-पत्र र भाषणमा समेटिएको विकासलाई अब बृहत् रूपमा समेटेर, समष्टिगत विकासमा ध्यान नपुऱ्याउने हो भने समृद्धिको कल्पना नगरे पनि हुन्छ । अब होशपूर्ण र जागरूक हुने समय एकदम नजिक आइरहेको छ । सबैले राष्ट्र र जनताकै विकास भन्दै भाषण र योजना अनि किताबमा पङ्किरहने हो भने बाधक तत्व के हो त ?, कमजोरी कसको कहाँ छ ?, कसले खोज्ने ?, वास्तविक दायित्व बोध कसको हो ?, जनता लाचार हुन् - सबै सहेर बस्ने ? या त, नेतृत्व वर्गको मनोमानी र स्वार्थ हावी भएको छ ? अब भुइँतहदेखि केन्द्रसम्म रचनात्मक छलफल र बहसको अभ्यास र त्यसमा आमसहभागिता गराइएन भने किताबी योजनाले मात्र राष्ट्र उँभो नलाग्ने प्रष्ट छ । अब पनि पुरानै परम्परागत ढाँचा तथा पुरानै ढर्रामा योजनाहरू बन्ने र सीमित दलगत प्रतिनिधि र टाठाबाठा, उच्च तहका प्रशासक पदाधिकारीहरू बसेर मात्र निर्णय गरिने अनि आन्दोलनकै आधारमा आफ्नो पक्षमा निर्णय गराउने प्रवृत्तिको स्वामित्व लिने कुराले मात्र हुँदैन । यसै गरिरहने हो भने त कार्यान्वयनको जग झनै कमजोर र उत्तरदायित्व विहीन नबन्ला भन्न सकिन्न ।

लेखक डा. नम्रता पाण्डे स्वतन्त्र सामाजिक परामर्शदाता हुनुहुन्छ ।
Email : pranamu4@yahoo.com